माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

**मिति २०८० मंसिर २७ गतेको २३ औं कार्यपालिका बैठकका निर्णयहरु:**

१) अघिल्लो कार्यपालिका वैठकले गरेका निणर्यहरुको कार्यान्वयनका सम्वन्धमा बैठकमा छलफल गरियो साथै उक्त निर्णयहरु पूर्णरुपमा कार्यान्वयन भएको जानकारी गराइयो ।

२) माडी नगरपालिकाको बार्‍हौं नगरसभा सम्वत २०८० साल पौष २३ गते सोमवारका दिन प्रारम्भ गर्ने ।

३) माउन्ट घुम्टे ग्रुप प्रा लि माडी १ ले मिति २०८०।०४।२६ मा साविकको गर्दि गा.वि.स वडा नं ७ क, ख,ग को जग्गा लिजमा लिनको लागि सिफारिसको लागि निवेदन दिएको सन्दर्भमा उक्त जग्गा भविष्यमा नगरपालिकालाई आवश्यक हुन सक्ने देखिएकोले विस्तृत अध्ययन पश्चात मात्र यसको निर्णयमा पुग्नु पर्ने हुँदा हाललाई उक्त माउन्ट घुम्टे ग्रुप प्रा लि माडी १ लाई उक्त जग्गा सिफारिस दिन नसक्ने व्यहोरा जानाकारी दिने ।

४) माडी स्थित माडी रंगमञ्चले माडीकै कलाकारहरुको जिवन्त अभिनयवाट मसान नामक नाटक प्रदर्शन गरी नाट्य क्षेत्रलाइ अगाडी बढाउन प्रयत्न गर्नु भएको हुँदा उर्जा स्वरुप रु ५०,००० आर्थिक सहायता शिर्षकवाट भुक्तानी दिने ।

५) वडा नं ५ र ६ को शिवराजपुर देखि ढिकुरवारी सम्म सडक कालोपत्रे योजनाको जिम्मा पाएको ठेक्का नं NCB/MMO/10/2077-078 को निर्माण व्यवसायी लोहनी एण्ड सन्स कन्स्ट्रक्सन प्रा.लि भरतपुर ७ चितवनले तोकिएको समयमा काम शुरु नगरी पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत आलटाल गरेको, कार्यालयमै आई लिखित कागज गरि काम सम्पन्न गर्न मञ्जुर गरेको समयावधि समेत समाप्त हुँदा पनि हाल सम्म काम शुरु नगरेको हुँदा निजलाई कानून बमोजिमको कारवाही गर्न नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

निर्णय प्रमाणित
२०८०।०९।२८
प्रमुख प्रशासकीय अधिकृत

६) भवन तथा शहरी विभागको नर्म्समा नपरेको ए एसी ब्लकको लागि निम्नानुसारको दररेट विश्लेषण स्विकृत गर्ने ।

*AAC:- Autoclaved Aerated Concrete

भुईतल्लामा AAC Block(600*200*150) mm उपलब्ध गर्ने,
सिमेन्ट मसला (१:४) तयार गरी गारो लगाउने
काम ३० मीटरसम्म ढुवानी सहित
दर विश्लेषणको लागि १० ब.मि. लिइएको

| स्रोत साधन | तह/किसिम | परिमाण | एकाई |
|---|---|---|---|
| श्रमिक | क) सिपालु | १.०८ | जवान |
| | ख) ज्यामी | २.०५ | जवान |
| | ग) ज्यामी | ०.३० | जवान |
| निर्माण सामग्री | AAC Block | ७८.०००० | गोटा |
| | सिमेन्ट | ०.०४२२ | मे.ट. |
| | बालुवा खोलाको | ०.११२७ | घ.मी. |
| | पानी | २३.०००० | लि. |
| | खटको सामान | (ग) को ३% ले | |

भुईतल्लाभन्दा माथि AAC Block(600*200*150)mm उपलब्ध गर्ने,
सिमेन्ट मसला (१:४) तयार गरी गारो लगाउने
काम ३० मीटरसम्म ढुवानी सहित
दर विश्लेषणको लागि १० ब.मि. लिइएको

| स्रोत साधन | तह/किसिम | परिमाण | एकाई |
|---|---|---|---|
| श्रमिक | क) सिपालु | १.०८ | जवान |
| | ख) ज्यामी | २.०५ | जवान |
| | ग) ज्यामी | २.०० | जवान |
| निर्माण सामग्री | AAC Block | ७८.०००० | गोटा |
| | सिमेन्ट | ०.०४२२ | मे.ट. |
| | बालुवा खोलाको | ०.११२७ | घ.मी. |
| | पानी | २३.०००० | लि. |
| | खटको सामान | (ग) को ३% ले | |